# खुम्बु पासाङल्हामु गाउँपालिका
## सोलुखुम्बु जिल्ला,
## प्रदेश नं. १
## नेपाल
## स्थानीय सरकारबाट प्रकाशित
## खुम्बु पासाङल्हामु गाउँपालिका राजपत्र

भागः २ खण्डः३

मितिः २०७६ मंसिर १९ गते सोमबार नियमित

## प्रकोप व्यवस्थापन कार्य योजना विनियम-२०७४

**प्रस्तावनाः**यस गाउँपालिका क्षेत्र भित्र आकस्मिक रुपमा हुन सक्ने दैवी प्रकोपको घट्नालाई न्यूनिकरण गर्न र त्यसको व्यवस्थापन सम्बन्धि कार्यमा गाउँवासीहरुलाई सुसुचित गर्न तथा त्यस्ता घट्नाहरुको सामना कसरी गर्ने र त्यसबाट बच्ने उपायका सम्बन्धमा जानकारी गराउनुका साथै सो बाट क्षति भई सके पछि गाउँपालिकाको तर्फबाट केही राहत हुने गरी क्षतिपूर्ति दिई गाउँवासीलाई दैवीक प्रकोपबाट सुरक्षित महशुस गराउने र "खुम्बु पासाडल्हमु गाउँपालिका प्रकोप व्यवस्थापन कोष" को स्थापना गरी त्यसको परिचालनलाई व्यवस्थित गर्नको लागि खुम्बु पासाडल्हमु गाउँ सभाबाट अनुमोदन गर्ने गरी हाल यस गाउँकार्यपालिकाले यो प्रकोप व्यवस्थापन कार्य योजना विनियम २०७४ स्वीकृत गरि जारी गरेको छ।

### परिच्छेद- १
### प्रारम्भ

१.१ संक्षिप्त नाम र प्रारम्भ: (१) यस विनियमावलीको नाम खुम्बु पासाडल्हामु गाउँपालिका प्रकोप व्यवस्थापन कार्य योजना विनियम, २०७४ हुनेछ।

(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ।

**१.२ परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा**

क)"गाउँपालिका" भन्नाले खुम्बु पासाडल्हामु गाउँपालिकालाई जनाउने छ।

ख)"कोष" भन्नाले खुम्बु पासाडल्हामु गाउँपालिका प्रकोप व्यवस्थापन कोष लाई सम्झनु पर्दछ।

ग)"सभा" भन्नाले खुम्बु पासाडल्हामु गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

घ)"गाउँ कार्यपालिका" भन्नाले खुम्बु पासाडल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकलाई सम्झनु पर्दछ।

ङ)तोकिएको वा तोकिए बमोजिम भन्नाले कार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

च)"विनियम" भन्नाले प्रचलित कानुन अन्तर्गत रही विभिन्न विषयसँग सम्बन्धित रही खुम्बु पासाडल्हामु गाउँपालिकाबाट आवश्यकताको आधारमा बनाई लागू गरिएका विनियमहरुलाई सम्झनु पर्दछ।

### परिच्छेद -२

## आगलागी नियन्त्रणका लागि गर्नु पर्ने कार्य

२.१ गाउँपालिका क्षेत्रभित्र ठाउँ ठाउँमा विशेषगरी लुक्ला,नाम्चे जस्ता बाक्लो बस्ती भएका स्थानहरुमा Seas Fire जस्ता उपकरणहरु जडान गरी कार्यालय एवं नजिकका समुदायमा समेत सो उपकरणद्वारा तत्काल आगलागी नियन्त्रण गर्न सहयोग पुर्‍याउने हुँदा सो को व्यवस्थापनको लागि पहल गर्ने ।

२.२ तत्काल आगलागी नियन्त्रणको लागि यस कार्यालयमा चालु अवस्थामा सामाग्रीहरुको व्यवस्था मिलाउने ।

२.३ दिर्घकालीन आगलागी समाधानको लागि भएको १ वटा अत्याधुनिक वारुण यन्त्र सञ्चालनको लागि जनशक्ति अभाव देखिएकोले कतैबाट सहयोग स्वस्प प्राप्त हुने भएमा मन्त्रालयलाई व्यवस्थापन गरी सहयोग गरी दिन अनुरोध गरी पठाउने ।

२.४ आगलागी नियन्त्रणको लागि क्षेत्र भित्रको पोखरी, ईनार, खानेपानी कुवा, धारा आदिको व्यवस्थापन मिलाउने । खोला नदी किनारमा जान आउन सहज बाटोको लागि व्यवस्था गर्ने । खानेपानीका लाईन कुलोलाई पनि सहज हुने गरि विकल्पको विकास गर्ने ।

## परिच्छेद-३
## भूकम्प सम्बन्धमा गर्नु पर्ने कार्य

३.१ गाउँ क्षेत्रभित्र सुरक्षित घर निर्माणको लागि सम्बन्धित घर धनीलाई जानकारी मुलक सूचना प्रवाह गर्ने ।

३.२ भुकम्प प्रतिरोधात्मक घरहरु निर्माणको लागि प्रचार प्रसार कार्य यस अगाडी पनि सञ्चालन गरिएकोमा पुनः सो कार्यलाई थप प्रभावकारी र निरन्तरता दिने ।

३.३भवन निर्माणको लागि जनचेतना जगाई भवन निर्माण आचरसंहिता र मापदण्ड लागू गर्नेतर्फ अगाडि बढ्ने ।

३.४भुकम्प आई धनजनको क्षति भएमा तत्काल उद्धार गर्ने गरी सतर्क रहने ।

## परिच्छेद-४
## बाढी/पहिरो,हिम वर्षा नियन्त्रणका लागि गर्नु पर्ने कार्य

४.१ यस गाउँपालिका क्षेत्र भित्र रहेका नदी,हिमताल, खोला र अन्य खोल्साहरुमा वर्षेनी आउने बाढी पहिरो तथा अन्य हिम पहिरोको प्रकोपको न्यूनिकरण गर्नको लागि एउटा संरक्षण समिति गठन गर्ने र त्यसैको सल्लाह सुझावको आधारमा सुधार कार्यक्रम बनाई सो कार्यक्रममा निरन्तरता दिन आवश्यक पहल गर्ने ।

४.२ पहिरो जान सक्ने जग्गा जमिनहरुमा आवश्यक देखिएको स्थानमा बृक्षारोपणको कार्यक्रम सञ्चालन गर्न पहल गर्ने ।

४.३ अन्य विकल्पहरु विकास गरी वाढी/पहिरो, हिम ताल विष्फोट आदि नियन्त्रणको लागि अन्य निकायहरुसँग पनि समन्वय गरि कार्य अगाडि बढाउने ।

## परिच्छेद-५
## महामारी रोग नियन्त्रण सम्बन्धमा गर्नु पर्ने कार्य

५.१ यस गाउँपालिका क्षेत्रमा महामारी रोग सम्बन्धी खासै त्यस्तो समस्या त देखिएको छैन् । तथापी भविष्यमा आकस्मिक रुपमा माहामारी रोग फैलन सक्ने भएकाले सो को रोकथाम एवं न्यूनिकरणको लागि निम्नानुसार कार्य सञ्चालन गर्ने ।

५.१ (क) सरुवा रोग तथा विभिन्न महामारी रोग उत्पन्न भएमा जनस्वास्थ्यसँग सम्बन्धीत संघ संस्थाहरु तथा सुरक्षा निकायहरु सम्मिलित एक समिति गठन गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने र यस्को परिचालन तथा सञ्चालन गाउँपालिकाले गर्ने ।

५.१ (ख) रोग नियन्त्रणको लागि आवश्यक औषधी आपूर्तिको व्यवस्थापन मिलाउने तथा रोग प्रतिरोधात्मक खोपहरु सञ्चालन गर्ने ।

## परिच्छेद-६
## प्रकोप व्यवस्थापन कोष

६.१ प्रकोप कुनै योजना बनाएर आउने विषय होईन र यो विपद निम्त्याएर आउदा के कति क्षति हुन्छ, त्यसको लेखा जोखा गर्न सकिदैन् । त्यस्तो आपत विपद परेको बेलामा श्रोत साधन जुटाउन पनि कठिन हुन सक्छ । त्यसैले यस गाउँपालिका क्षेत्र भित्र हुन सक्ने त्यस्तो प्रकोपको क्षति हेरि राहत वितरण गर्नका लागि गाउँपालिकाको एक प्रकोप व्यवस्थापन कोष स्थापन गरिएको छ ।

६.२ खुम्बुपासाङल्हामु गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा निम्न अनुसारका रकमहरु जम्मा गर्न सकिनेछ ।

क) गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषको लागि छुट्याएको रकम ।

ख) गाउँपालिकाको प्रत्येक वर्ष प्रकोप व्यवस्थापन सम्बन्धी कार्यक्रमबाट प्राप्त हुन सक्ने रकम ।

ग) गाउँपालिका बाहेक अन्य सरकारी तथा गैहसरकारी निकाय वा संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान सहयोग तथा कार्यक्रम वापतको रकम ।

घ) गाउँपालिकाले अन्य कुनै पनि प्रक्रिया पूरा गरी कोषमा जम्मा गर्न भनी निर्णय गरेको रकम ।

६.३ यस गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट तत्कालको लागि भाग सात मा उल्लेख भए बमोजिमको रकम खर्च गर्न सकिनेछ । सो बाहेक अन्य खर्च गर्नु पर्दा गाउँपालिकाको सभाबाट कार्यक्रम स्वीकृत गराई गाउँकार्यपालिकाको निर्णय गराएर मात्र गर्न सकिनेछ ।

६.४ यस गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने र खर्च गर्ने प्रक्रिया नेपाल सरकार र स्थानीय तहका प्रचलित आर्थिक तथा अन्य ऐन कानुन बमोजिम नै हुनेछ ।

## परिच्छेद-७
## प्रकोपबाट क्षति भईसकेपछि गाउँपालिकाले गर्ने राहत सम्बन्धी व्यवस्था

७.१ यस गाउँपालिका क्षेत्र भित्र उल्लेखित कुनै पनि विपद आईलागेमा र त्यस्तो विपद्बाट कोही पनि गाउँवासीलाई राहत महशुस गराउन राहतको लागि निवेदन दिएमा तत्काल समस्या समाधानका लागि र व्यक्तिलाई पनि आफ्नो स्थानीय सरकारको उपस्थितिको महसुस हुने गरी विपद घटना र माग गर्ने व्यक्तिको अवस्था हेरी निम्न बमोजिम गाउँपालिकाको तर्फबाट प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी राहत सहयोग उपलब्ध गराउन सक्ने ।

क)मानवीय र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु. १,०००.०० देखि रु. ५,०००.०० हजारसम्म ।

ख) मानवीय वा भौतिक संरचनामध्ये कुनै एकमा विशेष क्षति भएकोमा अवस्था हेरी रु. १०,०००.०० सम्म ।

ग) मानवीय क्षति विशेष र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु. १५,०००.०० सम्म ।

घ) मानवीय क्षति विशेष भएको र भौतिक संरचनामा असामान्य क्षति भएकोमा अवस्था हेरी ।

च) मानवीय र भौतिक संरचना दुवैमा असामान्य क्षति भएकाको अवस्था हेरी रु. ६०,०००.०० सम्म

छ) आंशिक घर क्षति भएमा रु. १५०,०००.०० सम्म

ज) पूर्ण घर क्षति भएमा रु. ३००,०००.०० सम्म

**७.२ मानवीय क्षति सम्बन्धमा**

क) सामान्य भन्नाले सामान्य घाउ चोटपटक लागेको अवस्थालाई मानिने छ

ख) विशेष भन्नाले अपाङ्ग सम्म हुन सक्ने गरी विषेश घाउ चोटपटक लागेको अवस्थालाई मानीने छ ।

ग) असमान्य भन्नाले मृत्यु भएको वा मुत्यु नभए पनि जीवन भर अर्काको सहारामा बस्नु पर्ने असामान्य अवस्थालाई मानिनेछ ।

**७.३ भौतिक क्षति सम्बन्धमाः**

क) सामान्य भन्नाले भौतिक संरचना तथा माल सामानमा सामन्य क्षेतिलाई मानिनेछ ।

ख) विशेष भन्नाले क्षति भएको भौतिक संरचना तथा मालसमानलाई मर्मत वा पुन: स्थापित गर्न सकिने खालको विशेष अवस्थालाई मानिनेछ ।

ग) असामान्य भन्नाले भौतिक संरचना तथा मालसामानको अस्तित्व नै नरहेको असामान्य अवस्थालाई मानिनेछ ।

७.४ उल्लेखित बमोजिमको क्षतिपूर्ति गाउँपालिकाको तर्फबाट तत्काल राहत दिईनेछ र सो भन्दा बढी क्षतिपूर्ति दिनु परेमा गाउँकार्यपालिकाको निर्णय गरेर मात्र दिन सकिनेछ ।

७.५ दैवी प्रकोपसँग सम्बद्ध अन्य निकायहरुसँगगाउँवासीलाई भएको क्षति को लागि क्षतिपूर्ति प्राप्त गर्नुपर्ने सिफारिस वा अन्य पहललाई भने निरन्तरता नै दिईनेछ ।

## परिच्छेद-८
## दैवी प्रकोप सम्बन्धमा अन्य व्यवस्था

८.१ यस गाउँपालिकालाई हुन सक्ने जुनसुकै दैवीक प्रकोपबाट सचेत गराउन र कम भन्दा कम क्षति हुने गरी व्यवस्था मिलाउन गाउँपालिकासँग दैवीक प्रकोप क्षेत्रमा कार्य गर्ने अन्य सम्बद्ध निकायहरुसँग सम्पर्क/समन्वय गर्न गाउँकार्यपालिकाले निर्णय गरी एक दैवीक प्रकोप नियन्त्रण तथा व्यवस्थापन समिति बनाउन सक्नेछ र सो समितिले निम्न कार्यहरु गर्नेछ ।

क) गाउँपालिकाको क्षेत्र भित्र भएका दैवी प्रकोप घटनाको पहिचान र आवश्यकता अनुसार क्षतिपूर्तिको लागि पहल गर्ने ।

ख) दैवीक प्रकोप सम्बन्धमा गाउँपालिकालाई सल्लाह सुझाब दिने ।

ग) गाउँपालिका बाहेक दैवीक प्रकोपसँग सम्बन्धीत अन्य निकायहरुसँग सम्पर्क/ समन्वयलाई निरन्तता दिने ।

घ) प्रकोप व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यहरु गर्ने ।

ङ) दैवीक प्रकोप सम्बन्धमा अनुगमन सम्बन्धी कार्यहरु गर्ने।

च) गाउँपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

८.२ प्रकोप सम्बन्धी तत्काल जनाउ दिने व्यवस्थाका लागि यस गाउँपालिका क्षेत्र भित्र आकस्मिक कुनै दैवी प्रकोप विपत्ती उत्पन्न भएमा तत्काल गाउँवासीलाई सचेत गराउने हिसावले गाउँपालिका कार्यालय भवन वा उपर्युक्त अन्य कुनै स्थानमा एक शक्तिशाली साईरन जस्ता उपकरणको व्यवस्था गरी राख्ने र त्यसको आवश्यकता अनुसार प्रयोग गरी जानकारी गराउने । त्यस्ता उपकरणहरुको नियमित मर्मत सम्भार तथा व्यवस्थापनमा ध्यान दिने ।

८.३ यस विनियमावलीलाई समयानुकुल परिवर्तन, परिमार्जन, काँटछाट तथा थपघट गर्नु परे गाउँपालिका सभाले गर्न सक्नेछ ।